# द्वन्द्व पिडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड २०६४
(मन्त्रिपरिषदबाट स्वीकृत मिति २०६५/१/१३)

१ मृतकसम्बन्धी राहत
२. घाइतेहरुको औषधि उपचार
३. सम्पत्ति क्षतिवापत आर्थिक सहायता
४. सवारी साधन क्षतिबापत आर्थिक सहायता
५. अपहरण वा वेपत्ता भएकाहरुलाई आर्थिक सहायता
६. द्वन्द्वपीडित व्यक्ति तथा परिवारका सदस्यहरुका लागि सीपमूलक तालिम तथा वैदेशिक रोजगारसम्बन्धी व्यवस्था
७.विविध
अनुसूची १
अनुसूची २
अनुसूची ३
अनुसूची ४
अनुसूची ५
अनुसूची ६
अनुसूची ७
अनुसूची ८
अनुसूची ९
अनुसूची १०
अनुसूची ११
अनुसूची १२
अनुसूची १३

# परिभाषा

**<u>द्वन्द्वको अवधि</u>:** यस मापदण्डको प्रयोजनका लागि द्वन्द्वको अवधि भन्नाले ने.क.पा. (माओवादी) ले जनयुद्ध घोषणा गरेको मिति २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मसिर ५ गतेसम्मको अवधिलाई बुझ्नु पर्दछ । द्वन्द्वको उक्त अवधिभित्र द्वन्द्वको कारणबाट पीडित भएका व्यक्ति तथा परिवारहरुलाई नेपाल सरकारको घोषित नीति अनुसार यस मापदण्डले निर्धारण गरेको आधार अनुरुप आर्थिक सहायता एवं राहत प्रदान गरिने छ ।

**<u>द्वन्द्वरत पक्ष</u>:** यस मापदण्डको प्रयोजनका लागि द्वन्द्वरत पक्ष भन्नाले द्वन्द्वको अवधिमा सशस्त्र द्वन्द्वमा रहेको ने.क.पा. (माओवादी) र तत्कालीन सरकारलाई बुझ्नु पर्दछ ।

**<u>द्वन्द्वपीडित</u>:** यस मापदण्डको प्रयोजनका लागि द्वन्द्वपीडित भन्नाले द्वन्द्वको अवधिमा सोका कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरु (पत्नि वा पति, छोराछोरी, बाबुआमा र सगोल परिवारका अन्य सदस्यहरु), द्वन्द्वको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरु, द्वन्द्वका कारणबाट आफ्नो ठाउँ छोडी देशभित्रकै अन्य ठाउँमा आन्तरिक रुपमा विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका वेपत्ता नागरिक तथा तिनका परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुको अपहरणमा परेका व्यक्तिहरु र द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुद्वारा सम्पति क्षति पुऱ्याइएका व्यक्ति, परिवार तथा संस्थाहरुलाई बुझ्नुपर्छ ।

**द्वन्द्व पीडितहरुको आवश्यकताको पहिचान**

द्वन्द्वको अवधिमा सोको कारणबाट पीडित भएकाहरुको अवस्था, पीडितहरुले बेलाबखतमा उठाउने गरेका माग, पीडितका संगठन तथा राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सिफारिश तथा अनुरोध र मानवीयतासमेतका आधारमा राज्यद्वारा न्यूनतम रुपमा उपलब्ध गराउनुपर्ने सेवा सुविधा र नेपाल सरकारबाट समय समयमा भएका निर्णयसमेतका आधारमा द्वन्द्वपीडित व्यक्ति तथा परिवारहरुलाई राहत स्वरुप निम्नलिखित व्यवस्था गर्नुपर्ने देखिएको छः-

(क) आय आर्जनमा प्रमुख भूमिका खेल्ने परिवारको मुख्य सदस्यको मृत्यु भएकोमा मृतकको नजिकको हकदारलाई राहतको व्यवस्था,
(ख) मृतकका सन्ततिहरुको शिक्षाका लागि छात्रबृत्तिको व्यवस्था,
(ग) मृतकका पत्नी (विधवा) लाई राहतको व्यवस्था,
(घ) घाइतेहरुका लागि औषधि उपचारको व्यवस्था,
(ङ) निजी सम्पत्ति क्षति, लुटपाट वा नष्ट गराइएका व्यक्ति वा संस्थाहरुलाई आर्थिक सहायताको व्यवस्था,
(च) निजी तथा सार्वजनिक सवारी साधन क्षति पुऱ्याइएकोमा सवारी धनीलाई आर्थिक सहायताको व्यवस्था,
(छ) सुरक्षा प्रयोजनको लागि सुरक्षा निकायले प्रयोग गरेको कृषियोग्य जमीनमा कृषि गतिविधि गर्नबाट बञ्चित भएका जग्गाधनीलाई बाली क्षति वापत आर्थिक सहायताको व्यवस्था,
(ज) द्वन्द्व पीडित व्यक्ति तथा परिवारका सदस्यहरुलाई सीपमूलक तालिम प्रदान गरी स्वरोजगार वा स्वदशी तथा वैदेशिक रोजगारका लागि दक्ष बनाउने तथा विशेष अवसर प्रदान गर्ने, र
(झ) अपहरणमा परेका तथा वेपत्ता पारिएकाहरुका परिवारलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी व्यवस्था ।

## १ मृतकसम्बन्धी राहत

## १.१ मृतकका नजिकका हकदारलाई राहत:

१.१.१ द्वन्द्वको कारण मृत्यु भएका मृतकका नजिकको हकदारलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४।१०।२७ को निर्णयका आधारमा मन्त्रिपरिषद्को राजनैतिक समितिले मिति २०६४।११।२७ मा गरेको निर्णय अनुसार एकलाख रुपैयाँ राहत स्वरुप उपलब्ध गराइनेछ ।(उक्त निर्णय संलग्न छ)

१.१.२ द्वन्द्वका कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमीन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रियाका आधारमा अनुसूची १ नमुना पत्र नं. १.१ अनुसार सिफारिश गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ ।

१.१.३ प्रकरण १.१.२ अनुसारको सिफारिश प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोकिए बमोजिमको आर्थिक सहायता सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निकासा पठाउनेछ ।

१.१.४ प्रकरण १.१.३ बमोजिम शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट निकासा भएको राहत रकम जिल्ला प्रशासन कार्यालयले मृतकका नजिकका हकदारलाई उपलब्ध गराउनेछ ।

## १.२. मृतकका सन्ततिहरुलाई उपलब्ध गराइने छात्रबृत्ति:

१.२.१. द्वन्द्वका अवधिमा सोका कारण मृत्यु भई राज्यका तर्फबाट निजका हकदारलाई राहत उपलब्ध गराइएको भएमा मृतकका बढीमा तीनजना सन्तानहरु (छोरा वा छोरी) लाई राज्यद्वारा नि:शुल्क छात्रबृत्तिको व्यवस्था मिलाइनेछ।

तर राज्यद्वारा यस प्रकारको नि:शुल्क छात्रवृत्तिको व्यवस्था नभएसम्मको लागि मृतकका बढीमा ३ जनासम्मका सन्तानलाई प्रत्येक वर्ष एकमुष्टरुपमा दोहोरो नपर्ने गरी देहायबमोजिमको रकम छात्रबृत्ति स्वरुप प्रदान गरिनेछ:-

- प्राथमिक विद्यालय तह.................................रु. १०,०००।-
  (दश हजार रुपैंया मात्र)
- निम्नमाध्यमिक तह.....................................रु. १२,०००।-
  (बाह्र हजार रुपैंया मात्र)
- माध्यमिक विद्यालय तह................................रु. १४,०००।-

(चौध हजार रुपैंया मात्र)

- प्रमाणपत्र तह वा उच्च माध्यमिक तह...........रु. १६,०००।-
  (सोह्र हजार रुपैंया मात्र)

**१.२.२. उमेरको हदवन्दी:**

यस्तो छात्रबृत्ति १८ (अठार) वर्षको उमेरसम्मका छात्र छात्रालाई मात्र उपलब्ध गराइनेछ ।

**१.२.३. छात्रबृत्ति उपलब्ध हुने तरिका:**

- छात्रबृत्तिको रकम शिक्षा तथा खेलकुद मन्त्रालयले सम्बन्धित छात्र-छात्रा अध्ययनरत जिल्लाको जिल्ला शिक्षा कार्यालमार्फत प्रत्येक वर्ष उपलब्ध गराउनेछ ।
- छात्रबृत्ति रकम एकमुष्ट रुपमा उपलब्ध हुनेछ ।
- छात्रबृत्ति रकम विद्यालय वा विश्वविद्यालयको औपचारिक शिक्षा बाहेक अन्य कुनै प्रकारको तालिम वा प्रशिक्षणका लागि उपलब्ध हुनेछैन ।

**१.२.४. द्वन्द्वका कारण मृत्यु भएका व्यक्तिका छोरा छोरीहरुलाई छात्रबृत्ति उपलब्ध गराउने प्रयोजनका लागि देहाय अनुसारको सिफारिस समिति रहनेछ:-**

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) जिल्ला शिक्षा अधिकारी | सदस्य |
| (ग) जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत | सदस्य-सचिव |

यस समितिले जिल्लामा द्वन्द्वका कारण मृत्यु भई राज्यका तर्फबाट निजका हकदारलाई राहत उपलब्ध गराई सकिएको भएमा निज मृतकका बढीमा तीनजना छोराछोरीलाई छात्रबृत्ति उपलब्ध गराउन सिफारिश गरी शिक्षा तथा खेलकुद मन्त्रालयमा पठाउनु पर्नेछ । शिक्षा तथा खेलकुद मन्त्रालयले सबै जिल्लास्थित जिल्ला शिक्षा कार्यालयहरुमा मृतकका बालबालिकाहरुले छात्रवृत्ति बापत प्राप्त गर्ने रकम वार्षिक एकमुष्ट रुपमा निकासा पठाउने छ । जिल्ला शिक्षा कार्यालयले सम्बन्धित छात्रछात्रा वा निजका अभिभावकलाई उक्त छात्रबृत्ति उपलब्ध गराउनेछ ।

यस प्रयोजनका लागि जिल्ला शिक्षा अधिकारीले जिल्ला प्रशासन कार्यालयबाट द्वन्द्वका कारण मृत्यु भइ नजिकको हकदारलाई राहत उपलब्ध गराइएका मृतकको विवरण लिनु पर्नेछ । त्यसरी नै छात्रछात्राको नाता प्रमाणित, जन्म दर्ता र अध्ययनरत विद्यालयको सिफारिस समेत लिई माथि उल्लिखित समितिले छात्रबृत्ति उपलब्ध गराउनु पर्ने हो होइन एकीन गरी सिफारिस गर्नुपर्नेछ ।

**१.२.५. छात्रबृत्तिको लागि रकम माग गर्दा जिल्ला शिक्षा अधिकारीले विचार गर्नुपर्ने विषयहरुः**

(i) हरेक वर्ष असार मसान्तसम्म जिल्ला शिक्षा अधिकारीले अनुसूची २ (फाराम नं. १.२) अनुसार मृतकका सन्तान (छोरा/छोरी) हरुको छात्रबृत्ति रकम निकासाको लागि सिफारिश सहित माग गरी पठाउनु पर्दछ । छात्रबृत्ति पाउने विद्यार्थी अन्य जिल्लाहरुमा अध्ययनरत भए ती विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रबृत्ति रकम पठाउनु पर्ने जिल्ला र विद्यार्थीको नाम तोकी पठाउनु पर्नेछ ।

(ii) मृतकका हकदारले आर्थिक सहायता प्राप्त गरेको विवरण जिल्ला प्रशासन कार्यालयबाट लिई सोही आधारमा मात्र रकम मागको सिफारिश गर्नु पर्नेछ ।

(iii) छात्रबृत्तिको लागि रकम माग गर्दा छात्र-छात्राले अध्ययनलाई निरन्तरता दिए नदिएको विषयमा अध्ययनरत शैक्षिक संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र माग गर्नु पर्दछ । अघिल्लो वर्ष अध्ययन गरेको आधारमा माग गर्नु हुँदैन । यसैगरी तह दोहोर्‍याएको भए पनि उक्त छात्र वा छात्राको लागि छात्रबृत्ति माग गर्नु हुँदैन । उमेरको लागि जन्मदर्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रलाई प्रमाणका रुपमा लिई सिफारिस गर्नु पर्दछ ।

(iv) सर्वसाधारण मृतकका छोराछोरी बाहेक अन्यको लागि छात्रबृत्ति रकमको निकासा माग गर्नु हुँदैन । मृतकका हकदारले प्रकरण १.१.१ अनुसार राहत पाए नपाएको यकिन गरी साथै यस अघि राहत पाउने निर्णय भएका मृतकका छोराछोरीको लागि मात्र छात्रबृत्ति रकमको निकासा माग गर्नु पर्दछ ।

१.२.६. विदेशमा अध्ययन गर्ने छात्रछात्राको हकमा यस्तो छात्रबृत्ति उपलब्ध गराइने छैन ।

१.२.७ यस प्रकरण बमोजिम उपलब्ध गराइने छात्रबृत्तिको व्यवस्था २०६५ साल बैशाख महिनादेखि लागु हुनेछ । सो अवधिभन्दा अघि प्रकृयामा रही भुक्तानी लिन बाँकी भएको हकमा साविकको व्यवस्था अर्थात द्वन्द्व पीडितहरुलाई राहत प्रदान गर्ने निर्देशिका, २०६१ बमोजिम छात्रबृत्ति उपलब्ध गराइनेछ ।

१.२.८ द्वन्द्वको कारण अपाङ्ग भएका छात्रछात्राहरुलाई समेत प्रकरण १.२.१ बमोजिमको छात्रबृत्ति उपलब्ध गराइनेछ। अपाङ्ग छात्रछात्राको लागि छात्रबृत्तिको सिफारिश गर्न निम्नानुसारको एक समिति रहनेछ :-

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख) जिल्ला शिक्षा अधिकारी | सदस्य |
| ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| घ) जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख | सदस्य |
| ङ) महिला विकास अधिकृत | सदस्य-सचिव |

उक्त समितिले अपाङ्गताको प्रतिशत ५०% भन्दा माथि भएकाको हकमा मात्र छात्रबृत्तिको लागि सिफारिश गर्नेछ । अपाङ्गताको प्रतिशतको हकमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको परिचय पत्रमा उल्लेखित प्रतिशतलाई आधार मानिनेछ । समितिले सिफारिश गर्दा प्रकरण १.२.७ बमोजिम गर्नेछ ।

अपाङ्ग छात्रछात्राहरुलाई उपलब्ध गराइने यस्तो छात्रबृत्ति मृतकका सन्ततिहरुले पाउने छात्रबृत्तिकै प्रक्रिया र आधारमा उपलब्ध गराइनेछ । यस्तो छात्रबृत्तिको व्यवस्था २०६५ बैशाख महिनादेखि लागु हुनेछ ।

**१.२.९ द्वन्द्वको समयमा अपाङ्ग भएका व्यक्तिका छोराछोरीलाई छात्रबृत्ति व्यवस्था:**

सशस्त्र द्वन्द्वको समयमा अपाङ्ग भएको भनी द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका र अपाङ्गता ५० प्रतिशत भन्दा बढी भएका व्यक्तिका छोराछोरी लाई बुँदा नं. १.२.८ अनुसार द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका व्यक्तिका छोराछोरीलाई उपलब्ध गराइने छात्रबृत्ति सरहकै रकम उपलब्ध गराइनेछ ।

यस प्रकारको छात्रबृत्ति रकम उपलब्ध गराउने प्रक्रिया, आधार, निकाय सम्बन्धी सम्पूर्ण व्यवस्था द्वन्द्वका कारण मृत्यु भएका व्यक्तिका छोराछोरीलाई उपलब्ध गराए बमोजिम हुनेछ ।

१.२.१० कुनै छात्रछात्राले सरकारी वा गैरसरकारी संस्थाबाट छात्रबृत्ति रकम पाइरहेको भए त्यस्तो छात्रछात्रालाई दोहोरो पर्ने गरी सिफारिश गर्न वा छात्रबृत्ति उपलब्ध गराउन सकिने छैन ।

## १.३. विधवाका लागि आर्थिक सहायता:

१.३.१. द्वन्द्वको अवधिमा द्वन्द्वको कारण मृत्यु भई राज्यका तर्फबाट राहत उपलब्ध गराइएका सर्वसाधारण मृतकका विधवा पत्नीलाई जीवन निर्वाहका लागि आर्थिक सहायता स्वरुप एकपटक एकमुष्ट रु. २५,०००।- (पच्चिस हजार मात्र) उपलब्ध गराइनेछ ।

मृतकका विधवाले पाउने यस्तो आर्थिक सहायता स्थानीय विकास मन्त्रालयले सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पठाउनेछ र जिल्ला विकास समितिको कार्यालयले यसरी प्राप्त भएको आर्थिक सहायता वापतको रकम सम्बन्धित विधवालाई उपलब्ध गराउनेछ ।

१.३.२. यस्तो रकम निकासा माग गर्दा देहायबमोजिमको समितिको निर्णयका आधारमा स्थानीय विकास अधिकारीले अनुसूची ३ ( फाराम नं. १.३) अनुसारको सिफारिश गरी स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

| | | |
|---|---|---|
| क) | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख) | जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| ग) | स्थानीय विकास अधिकारी | सदस्य-सचिव |

**आर्थिक सहायता उपलब्ध गराउँदा ध्यान दिनुपर्ने कुराहरुः**

- मृतकका हकदारलाई राहत उपलब्ध गराएको आधारमा मात्र यस्तो आर्थिक सहायता उपलब्ध गराइनेछ । मृतकका हकदारले राहत प्राप्त गरेको जानकारी जिल्ला प्रशासन कार्यालयले जिल्ला विकास समितिको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।
- मृतकका एकभन्दा बढी पत्नी भएको अवस्थामा उक्त सहायता रकम बराबर भागबन्डा गरी सबैलाई दामासहीले वितरण गर्नुपर्नेछ ।
- मृतकका पत्नीले पुनर्विवाह गरिसकेको भएमा यस्तो सहायता रकम उपलब्ध गराइने छैन । यस्तो आर्थिक सहायताको लागि सिफारिश गर्दा उक्त व्यक्तिले पुनः विवाह गरे नगरेको एकिन गरेर मात्र सिफारिश गर्नुपर्नेछ ।
- स्थानीय विकास अधिकारीले मृतकका पत्नीको उमेर, पुनर्विवाह, मृत्यु, आदिको अवस्थाबारे यकिन गरी सोका आधारमा आफ्नो जिल्लामा वितरण गर्नुपर्ने विधवा वापतको रकम निकासा माग गर्नु पर्नेछ ।
- सर्वसाधारण मृतकको पत्नी बाहेक अन्य व्यक्तिलाई यस्तो आर्थिक सहायता उपलब्ध गराइने छैन ।

## २. घाइतेहरुको औषधि उपचार

**२.१. द्वन्द्वको अवधिमा द्वन्द्वका कारण घाइते भई उपचार गराई आर्थिक सहायता प्राप्त गर्न निवेदन दिई प्रक्रियामा रहेका घाइतेहरुलाई प्रमुख जिल्ला अधिकारीको सिफारिशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत् देहायबमोजिम औषधोपचारको व्यवस्था गरिनेछः-**

(i) सरकारी वा सामुदायिक अस्पतालको विल भौचर बमोजिमको सम्पूर्ण खर्च,

(ii) बिरामी र कुरुवा गरी २ जनाको आतेजाते खर्च,

(iii) चिकित्सकको सिफारिश बमोजिम किनिएको औषधिको खर्च,

(iv) भर्ना भएकोमा अस्पतालमा बस्दासम्मको दैनिक रु. ७५।- का दरले एकजना कुरुवालाई कुरुवा खर्च,

**२.२ औषधोपचार सिफारिश समिति :**

२.२.१ औषधोपचार तथा आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि जिल्लास्तरमा देहाय बमोजिमको एक औषधोपचार सिफारिश समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | जिल्ला अस्पतालको वरिष्ठ चिकित्सक | सदस्य |
| (ग) | जिल्ला प्रहरी प्रमुख | सदस्य |
| (घ) | जिल्ला जनस्वास्थ्य अधिकृत | सदस्य-सचिव |

समितिको सचिवालयको काम जिल्ला जनस्वास्थ्य कार्यालयले गर्नेछ ।

**२.३. निम्न अवस्थामा मात्र उल्लिखित सुविधाको सिफारिश गरिनेछः-**

(i) नेपालमा रहेका गैरनाफामूलक सामुदायिक र सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरुमा उपचार गरेको भएमा मात्र यस्तो सुविधाको सिफारिश गरिनेछ ।

(ii) द्वन्द्वको समयमा घाइते भई हालसम्म पनि उपचार गराइ रहेकाहरुको हकमा स्थानीय तहमा उक्त समितिको सिफारिशमा उपचारसम्बन्धी व्यवस्था मिलाइनेछ । स्थानीयस्तरमा उपचार हुन नसकी केन्द्रमा उपचार गर्नुपर्ने भएमा समितिको सफारिशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उपचार सम्बन्धी व्यवस्था गरिनेछ ।

(iii) यस मापदण्ड लागु हुनु पूर्व साविकको प्रक्रिया अनुसार पेश भईसकेका तर विल अनुसारको उपचारको भुक्तानी लिन बाँकीको हकमा साविक बमोजिम नै मान्यता दिइनेछ ।

## २.४. औषधि उपचार सुविधा प्राप्त गर्ने तरिका :-

घाइतेको अवस्था हेरी स्थानीय तहमा समितिले र केन्द्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेको औषधोपचारको व्यवस्था मिलाउने कार्य गर्नेछ ।

**क. समितिको निर्णयका आधारमा स्थानीयस्तरमा उपचारको सुविधा मिलाउँदा देहायबमोजिम गर्नु पर्दछः-**

(i) द्वन्द्वका कारणले घाइते भएको हो होइन यकिन गरी स्थानीयस्तरमा उपचार हुन सक्ने भएमा अनुसूची ४ बमोजिम (नमूना पत्र २.१ अनुसार) स्वास्थ्य संस्थालाई उपचार गराइदिने व्यवस्थाको लागि पत्र लेख्नु पर्नेछ ।

(ii) केन्द्रमा पठाउनु पर्ने घाइतेको हकमा अनुसूची ५ बमोजिम (नमूना पत्र २.२ अनुसार) सिफारिश गरी पठाउनु पर्नेछ ।

(iii) स्थानीयस्तरमा उपचार भैसकेपछि निम्न कागजात सहित अनुसूची ६ बमोजिम (नमूना पत्र नं. २.३ अनुसार) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधि उपचार वापतको रकम माग गरी पठाउनु पर्नेछः-

(क) स्वास्थ्य संस्थालाई उपचार गराउनको लागि लेखिएको पत्रको प्रतिलिपि,

(ख) चिकित्सकको प्रेस्क्रिप्सन/भर्ना र डिस्चार्जको कागजात,

(ग) चिकित्सकको प्रेस्क्रिप्सन अनुसार खरिद गरेका औषधिका विलहरु । यस्ता विलहरुको पछाडि सम्बन्धित अस्पतालबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

(घ) अस्पतालका विलहरु ।

**ख. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट औषधिउपचार सुविधा पाउन सम्बन्धित पक्षले देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः-**

(i) केन्द्रबाट औषधि उपचार सुविधा प्राप्त गर्न सम्बन्धित जिल्लाबाट प्राप्त सिफारिस सहित अनुसूची ७ बमोजिम ( नमुना निवेदन २.४ अनुसार) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(ii) नं. (i) अनुसार निवेदन प्राप्त भएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित स्वास्थ्य संस्थामा उपचारको व्यवस्था मिलाइ दिन अनुसूची ८ (नमूना पत्र २.५) बमोजिमको पत्र लेख्नु पर्नेछ ।

(iii) यसरी उपचार गराइसकेपछि सो बापत आर्थिक सहायता माग गर्दा चिकित्सकको परामर्श बमोजिम खरिद गरिएका औषधिका विलहरु सम्बन्धित अस्पतालबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

(iv) आउँदा छिटो साधनद्वारा आएको २ जनाको भ्रमण खर्च देखिने प्रमाण, हवाई टिकट, बस टिकट आदि पेश गर्नुपर्नेछ।

(v) जाँदा सतह मार्गबाट २ जनालाई जान लाग्ने खर्चको अनुमान सहित निवेदन दिनु पर्नेछ ।

(vi) कुरुवा खर्च प्राप्त गर्न भर्ना भई डिस्चार्ज भएको देखिने स्वास्थ्य संस्थाको प्रमाण पेश गर्नुपर्नेछ ।

**२.५. प्रमुख जिल्ला अधिकारीहरुले घाइतेको उपचार सम्बन्धमा सिफारिस गर्दा विचार पुऱ्याउनु पर्ने विषयहरुः-**

- माथि नं. २.३ (i) मा उल्लेख भएका स्वास्थ्य संस्थाहरुमा मात्र उपचारको लागि सिफारिस गर्नु पर्नेछ ।
- औषधि उपचार वापत रकम माग गर्दा बुँदा नं. २.४.क.(iii) बमोजिमका सम्पूर्ण कागजातहरु प्रमाणित गरेर मात्र पठाउनु पर्नेछ।
- घटना द्वन्द्वरत पक्षबाट भएको हो होइन यकिन गरी द्वन्द्वमा परी घाइते भएकाहरुलाई मात्र औषधि उपचारको सुविधा उपलब्ध गराउन शिफारिश गर्नुपर्नेछ ।

२.६ यस मापदण्ड लागु हुनु पूर्व साविकको प्रक्रिया अनुसार पेश भईसकेका कागजातहरुको प्रक्रिया पूरा गरेको भएमा यसै मापदण्ड बमोजिम मान्यता दिइनेछ ।

२.७ औषधि उपचारको लागि भुक्तानी दिन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा उपलब्ध गराउनेछ ।

२.८ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित व्यक्तिले भुक्तानी पाउने गरी निकासा पठाउनेछ ।

## २.(क) अपाङ्गलाई आर्थिक सहायता सम्बन्धी व्यवस्था :

२.क.१ विगत सशस्त्र द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट अपाङ्ग भएको प्रमाणित भई द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका व्यक्तिहरुलाई सरकारको तर्फबाट निम्नानुसारको आर्थिक सहायता उपलब्ध गराइनेछ-

क) पूर्णरुपमा अपाङ्ग भएका व्यक्तिलाई एकपटक एकमुष्ट रु. २ लाख।

ख) अन्यको हकमा अपाङ्गताको प्रतिशतको आधारमा रु. २ लाखलाई पूर्णाङ्क मानी सोही अनुपातमा आर्थिक सहायता उपलब्ध गराइनेछ। विस्तृत शान्ति सम्झौता पछि पनि विगत सशस्त्र द्वन्द्वको समयमा विछ्याइएका बारुदी सुरुङ्ग वा अन्य विष्फोटक पदार्थ विष्फोटन भई अपाङ्ग भएको प्रमाणित भई आएमा बुँदा नं. २.क.१ बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन बाधा पर्ने छैन । यस्तो घटनामा परी घाइते हुनेलाई माथि बुँदा नं. २.१ मा उल्लेख भए अनुसारकै उपचार खर्च उपलब्ध गराइनेछ ।

ग) बुँदा नं. २.क.१ (क) र (ख) अनुसार अपाङ्गलाई आर्थिक सहायता उपलब्ध गराउन अपाङ्ग व्यक्तिको अपाङ्गतासम्बन्धी परिचय पत्रमा उल्लेख भएको अपाङ्गताको प्रतिशतको आधारमा प्रमुख जिल्ला अधिकारीले सिफारिश गरी पठाउनु पर्नेछ । प्राप्त सिफारिशको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सो वापतको रकम निकासा पठाइनेछ । जिल्ला प्रशासन कार्यालयले यस्तो आर्थिक सहायता सम्बन्धित अपाङ्ग व्यक्तिलाई उपलब्ध गराउनेछ ।

घ) विस्तृत शान्ति सम्झौता पछि पनि सशस्त्र द्वन्द्वको समयमा विछ्याइएका बारुदी सुरुङ्ग वा अन्य विष्फोटक पदार्थ विष्फोट भई घाइते भएका व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले घटना र कारण प्रमाणित गरी माथि बुँदा नं. २.१ मा उल्लेख भए अनुसार हुन आउने रकम जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ ।

सदस्य सचिव

## ३. सम्पत्ति क्षतिवापत आर्थिक सहायता

**द्वन्द्वको अवधिमा सोका कारण व्यक्तिगत सम्पत्ति क्षति भएकोमा नेपाल सरकारले निम्न बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छः-**

### ३.१. सरकारी कार्यालयहरुले भाडामा लिएको घर क्षति भएकोमाः

सरकारी कार्यालयहरुले भाडामा लिएको घर द्वन्द्वरत पक्षबाट क्षति भएकोमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा भाडामा लिने कार्यालयको केन्द्रीय निकायले क्षतिपूर्ति स्वरुप क्षति बराबरको रकम उपलब्ध गराउनेछ ।

**नोट** :- यहाँ केन्द्रीय निकाय भन्नाले सुरक्षा निकायहरुको हकमा सम्बन्धित सुरक्षा निकायको केन्द्रीय संगठन र अन्य सरकारी कार्यालयहरुको हकमा सम्बन्धित कार्यालयको तालुक मन्त्रालयलाई सम्झनु पर्दछ । यदि कुनै व्यक्तिको घर संयुक्त सुरक्षा फौजले भाडामा लिएको कारण क्षति भएको रहेछ भने त्यस बापतको क्षतिपूर्ति उक्त संयुक्त सुरक्षा फौजको नेतृत्व गर्ने सुरक्षा निकायको केन्द्रीय संगठनले उपलब्ध गराउनेछ ।

**३.१.१. यस्तो क्षति मूल्याङ्कन गर्न जिल्लामा देहाय बमोजिमको क्षति मूल्याङ्कन समिति रहनेछः-**

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | संयोजक |
| स्थानीय विकास अधिकारी | सदस्य |
| कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | सदस्य |
| शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयका इन्जिनियर वा जिल्लास्थित प्राविधिक कार्यालयको इन्जिनियर | सदस्य |
| घर भाडामा लिने कार्यालयको कार्यालय प्रमुख | सदस्य सचिव |

**३.१.२. उल्लिखित समितिले देहाय बमोजिमको आधार र प्रक्रिया पुऱ्याएर क्षतिको मूल्याङ्कन गर्नु पर्दछः-**

(क) जिल्लास्थित शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय वा जिल्ला प्राविधिक कार्यालयका प्राविधिकबाट क्षतिको मूल्याङ्कन प्रतिवेदन लिनु पर्दछ। प्राविधिकले प्रतिवेदन तयार गर्दा मर्मत गर्न लाग्ने खर्चको मूल्याङ्कन गर्नु हुँदैन । भएको क्षतिको मात्र मूल्याङ्कन गर्नु पर्दछ । मूल्याङ्कन गर्दा अवशेष बचेको भएमा अवशेष मूल्य अनिवार्य रुपमा कटाई मूल्यांकन गर्नु पर्दछ ।

(ख) नं. (क) अनुसार गरिएको मूल्याङ्कनमा घर बनेको वर्षको आधारमा वार्षिक ५% को दरले ह्रास कट्टी गर्नु पर्दछ । घर निर्माण वर्ष यकिन गर्न शहरी क्षेत्रमा नक्सा पासलाई आधार मानेर र अन्य अवस्थामा स्थानीय रुपमा बुझेर यकिन गर्नु पर्दछ ।

**प्राविधिकले मूल्यांकन गर्दा निम्नानुसार मूल्यांकन गर्नु पर्नेछः-**

(I) क्षतिग्रस्त भएको घरको क्षति अङ्क रु. ..................

(II) क्षतिको अवशेष मूल्य रु. .............

(III) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम **(P)** = रु ........

(IV) वार्षिक ५% का दरले ह्रासकट्टी गरेपछि हुनआउने रकम रु. ................

**ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्र =**

$$\mathbf{P \times (1\text{-}RD/100)^n}$$

जहाँ **P =** नं. **(III)** अनुसार हुन आउने हालको मूल्याङ्कन रुपैयामा,

**RD =** नं. **(IV)** अनुसारको ह्रास कट्टी दर (५%)

**n =** घर क्षति भएको वर्षबाट घर निर्माण भएको वर्ष घटाउँने (क्षति भएको वर्ष - बनेको वर्ष)

(ग) विमा भए नभएको एकिन गर्नु पर्दछ । विमा भएको अवस्थामा विमाबाट क्षति वापत रकम प्राप्त हुने हुनाले केन्द्रमा मूल्याङ्कनको जानकारी मात्र गराउनु पर्दछ । क्षति वापत सहायता उपलब्ध गराउन सिफारिश गर्नु हुदैन ।

(घ) सम्भव भएसम्म क्षतिग्रस्त घरको सबै भाग देखिने फोटो संलग्न गर्नु पर्दछ ।

(ङ) आर्थिक सहायताका लागि सिफारिश गर्दा घर निर्माण भएको वर्ष अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्दछ ।

३.१.३. माथि उल्लेख भए अनुसारको प्रक्रियाबाट क्षति मूल्याङ्कन समितिले मूल्याङ्कन गरिसकेपछि अनुसूची १० को फाराम नं. ३.१ मा समितिका सबै पदाधिकारीहरुले हस्ताक्षर गरी सो फारामको सक्कलै प्रति, समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि र प्राविधिक मूल्यांकनको सक्कलै प्रति समेत संलग्न राखी प्रमुख जिल्ला अधिकारीले घर भाडामा लिने कार्यालयको केन्द्रीय निकायमा सिफारिश गरी पठाउनु पर्नेछ ।

३.१.४. यसरी क्षति मूल्याङ्कन भई आएपछि सम्बन्धित केन्द्रीय निकायले सोको प्रमाण र प्रक्रियाहरुको अध्ययन गरी मापदण्डअनुरुप उपलब्ध गराउनुपर्ने राहत रकम एकिन गरेर जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित घरधनीलाई उपलब्ध गराउनुपर्नेछ ।

३.१.५ यसरी उपलब्ध गराइने क्षतिपूर्तिको लागि आवश्यक पर्ने रकम सम्बन्धित केन्द्रीय निकायले आफ्नो वार्षिक बजेट र कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

## ३.२. अन्य व्यक्तिगत सम्पत्ति क्षति वापत आर्थिक सहायताः

द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षबाट व्यक्तिगत चल, अचल सम्पत्ति क्षति पुऱ्याइएकोमा निर्धारित मापदण्ड बमोजिम आर्थिक सहायता उपलब्ध हुनेछ ।

**३.२.१. व्यक्तिगत सम्पत्ति क्षतिको मूल्याङ्कन गर्न जिल्लास्तरमा देहाय बमोजिमको स्थानीय क्षति मूल्याङ्कन समिति रहनेछ-**

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख) कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख | सदस्य |
| ग) शहरीविकास तथा भवन निर्माण डिभिजन कार्यालयको इन्जिनियर वा जिल्लास्थित प्राविधिक कार्यालयको इन्जिनियर | सदस्य |
| घ) जिल्ला प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| ङ) स्थानीय विकास अधिकारी | सदस्य |

**३.२.२. स्थानीय क्षति मूल्याङ्कन समितिले निम्नलिखित आधार र प्रक्रिया पुऱ्याएर क्षतिको मूल्यांकन गर्नु पर्नेछ :-**

(क) व्यक्तिगत सम्पत्तिको क्षति द्वन्द्वरत पक्षबाट भएको हो होइन यकिन गर्ने । द्वन्द्वरत पक्षबाट क्षति पुगेको अवस्थामा मात्र मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

(ख) घर क्षति भएको अवस्थामा घरको माथि उल्लिखित बुँदा नं. ३.१.२. अनुसारकै सम्पूर्ण आधार र प्रक्रियाहरु पुरा गरी क्षतिको मूल्याङ्कन गर्नुपर्दछ ।

(ग) चल सम्पत्तिको मूल्याङ्कन गर्दा अनुसूची ११ बमोजिम फाराम नं. ३.२ भरी क्षति भएका सामानहरुको विस्तृत विवरण तयार गर्नु पर्दछ ।

(घ) चल सम्पत्तिको मूल्याङ्कन गर्दा सम्बन्धित पीडितको सामाजिक र आर्थिक अवस्थालाई समेत राम्ररी विचार गर्नु पर्दछ ।

(ङ) उक्त सम्पत्तिहरु विमा भए नभएको र विमाबाट रकम प्राप्त गरे नगरेको कुरा यकिन गरी विमा भएको भए जानकारीको लागि र विमा नभएको भए मात्र आर्थिक सहायताको लागि सिफारिश गरी पठाउनु पर्नेछ ।

(च) स्थानीय क्षति मूल्यांकन समितिले मूल्याङ्कन गरी क्षतिको यकिन गरी सकेपछि पत्रसाथ व्यक्तिगत घर क्षतिको मूल्याङ्कन भए अनुसूची १० बमोजिम फाराम नं. ३.१ र अन्य व्यक्तिगत सम्पत्ति आदिको मूल्याङ्कन भए अनुसूची ११ बमोजिम फाराम नं. ३.२ भरी क्षति मूल्यांकन समितिका सम्पूर्ण पदाधिकारीहरुले हस्ताक्षर गरी उक्त फारामको सक्कलै प्रति संलग्न राखी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा आर्थिक सहायता उपलब्ध गराउन लेखी पठाउनु पर्नेछ । फाराम साथ समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि र प्राविधिक मूल्यांकनको सक्कलै प्रति समेत संलग्न गर्नु पर्नेछ।

(छ) स्थानीय क्षति मूल्याङ्कन समितिबाट सिफारिस प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अनुसूची १५ (क) र १५(ख) बमोजिमको मापदण्ड अनुरुप क्षति अङ्क निर्धारण गरी आर्थिक सहायता जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराउनेछ ।

(ज) व्यक्तिगत घर तथा सम्पत्ति क्षति वापत कुनै एक पटकको घटना वापत यस अघि क्षति मूल्यांकन भई राज्यको तर्फबाट आर्थिक सहायता उपलब्ध गराइ सकेको भएमा पुनः सोही घटना वापत कुनै आर्थिक सहायता उपलब्ध गराइने छैन । तर पहिले भुक्तानी पाइसकेको भए तापनि अनुसूची १५ (ख) अनुसार बृद्धि हुन गएको रकमको फरक रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

## ३.३. सुरक्षा व्यवस्थापनको क्रममा कृषि गतिविधि गर्न नपाएर भएको क्षति सम्बन्धमा :

द्वन्द्वको अवधिमा सुरक्षा व्यवस्थापनका लागि राखिएका सुरक्षा निकायहरुले कायम गरेको सुरक्षा क्षेत्रभित्र कृषि गतिविधि सञ्चालन गर्न नपाई क्षति भएकोमा स्थानीय सुरक्षा समितिको निर्णयका आधारमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा सम्बन्धित जग्गाधनीलाई क्षति बराबरको रकम आर्थिक सहायताको रुपमा जग्गा प्रयोग गर्ने सुरक्षा इकाईको केन्द्रीय निकायले उपलब्ध गराउनेछ ।

**नोटः-** यहाँ केन्द्रीय निकाय भन्नाले सम्बन्धित सुरक्षा निकायको केन्द्रीय संगठनलाई सम्झनु पर्दछ । यदि यस्तो जग्गा संयुक्त सुरक्षा फौजले उपयोग गरेको रहेछ भने त्यस बापतको क्षतिपूर्ति उक्त संयुक्त सुरक्षा फौजको नेतृत्व गर्ने सुरक्षा निकायको केन्द्रीय संगठनले उपलब्ध गराउनेछ ।

३.३.१. उल्लिखित क्षतिको मूल्याङ्कन गर्दा जिल्ला सुरक्षा समितिले कृषि प्राविधिकको लिखित राय लिएर मात्र गर्ने व्यवस्था गर्नु पर्दछ ।

३.३.२. जिल्ला सुरक्षा समितिले मूल्याङ्कन गर्दा निम्न आधार र प्रक्रिया पुऱ्याएर गर्नु पर्दछः-

(i) कुन सुरक्षा इकाई राखिएको कारणले गर्दा कृषि गतिविधि सञ्चालन गर्न नपाएको हो र कहिले देखि कहिलेसम्म खेतीपाती गर्न निषेध गरिएको हो यकिन गर्नु पर्दछ ।

(ii) निषेध गरिएको जग्गा सार्वजनिक वा व्यक्तिगत के हो यकिन गरी व्यक्तिगत जग्गाको क्षतिको मात्र आर्थिक सहायताका लागि सिफारिश गर्नुपर्दछ । सार्वजनिक जग्गामा खेती गर्न नपाएको कारणबाट भएको क्षतिबापत आर्थिक सहायताको सिफारिश गर्न मिल्दैन ।

(iii) जग्गाको किसिम अब्बल, दोयम, सीम, चाहार के हो यकिन गरी प्रति इकाई उत्पादनको मूल्यबाट उत्पादनको लागि लाग्ने लागत कटाई खुद क्षति यकिन गर्नुपर्दछ ।

(iv) उपरोक्त बमोजिम यकिन गरेपछि अनुसूची १२ बमोजिमको फाराम नं. ३.३ भरी समितिको निर्णय संलग्न राखी जग्गा

प्रयोग गर्ने सुरक्षा निकायको केन्द्रीय निकायमा आर्थिक सहायताको लागि सिफारिश गरी पठाउनु पर्नेछ ।

३.३.३. यसरी क्षति अङ्क निर्धारण भई आएकोमा जग्गा प्रयोग गर्ने सुरक्षा निकायको केन्द्रीय निकायबाट मापदण्ड अनुरुप क्षति अङ्क कायम भएको छ छैन अध्ययन गरेर मापदण्ड अनुरुप क्षति अङ्क निर्धारण गरी जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित जग्गाधनीहरुलाई क्षति बराबरको रकम उपलब्ध गराउनु पर्नेछ ।

३.३.४ यसरी उपलब्ध गराइने क्षतिपूर्तिको लागि आवश्यक पर्ने रकम सम्बन्धित सुरक्षा सम्बन्धी केन्द्रीय निकायले वार्षिक बजेट र कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

## ४. सवारी साधन क्षतिबापत आर्थिक सहायता

### ४.१. सुरक्षा निकायले प्रयोग गरेको भाडाका सवारी साधनको क्षतिका सम्बन्धमाः

द्वन्द्वको अवधिमा शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा सुरक्षा निकायले प्रयोग गरेको भाडाका सवारी साधन द्वन्द्वरत पक्षबाट क्षति पुऱ्याइएकोमा सवारी साधन प्रयोग गर्ने सुरक्षा इकाईको केन्द्रीय निकायले क्षति भएको स्थानको जिल्लाको प्रमूख जिल्ला अधिकारीको सिफारिशमा क्षति बराबरको रकम आर्थिक सहायता स्वरुप सवारी धनीलाई उपलब्ध गराउनेछ ।

४.१.१. **यस प्रयोजनको लागि क्षति मूल्याङ्कन गर्न जिल्लामा देहाय बमोजिमको स्थानीय क्षति मूल्याङ्कन समिति रहनेछः-**

क) प्रमुख जिल्ला अधिकारी

ख) जिल्ला प्रहरी कार्यालयका प्रमुख

ग) सवारी साधन प्रयोग गर्ने सुरक्षा निकायको प्रमुख वा निजको प्रतिनिधि

घ) जिल्लामा उपलब्ध मेकानिकल इन्जिनियर वा मेकानिकल सुपरभाइजर

ङ) स्थानीय यातायात व्यवसायीको प्रतिनिधि

४.१.२. **उल्लिखित समितिले देहाय बमोजिमको प्रक्रिया र आधारमा क्षतिको मूल्याङ्कन गर्नु पर्दछः-**

**(i)** प्राविधिकबाट सवारी साधनको क्षतिको मूल्याङ्कन गराउनु पर्दछ । क्षतिको मूल्याङ्कन गर्दा मर्मत गर्न लाग्ने खर्चलाई क्षतिको रुपमा लिनु हुँदैन । भएको क्षतिलाई मात्र मूल्याङ्कनमा समावेश गर्नु पर्दछ ।

**(ii)** क्षति भएको सवारी साधनको अवशेष मूल्यलाई नं.(i) बाट घटाउनु पर्दछ ।

**(iii)** सवारी साधन बनेको वर्ष ब्लूबुकबाट यकिन गरेर नं. (ii) अनुसार हुन आएको रकमबाट वार्षिक ५% का दरले ह्रास कट्टी गरी मूल्याङ्कनको अन्तिम अङ्क किटान गर्नु पर्दछ ।

**प्राविधिक मूल्याङ्कनको तरिकाः**

(I) क्षतिग्रस्त भएको सवारी साधनको क्षति अङ्क रु...................

(II) क्षतिको अवशेष मूल्य रु. .............

(III) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम (P) = रु. ............

(IV) वार्षिक ५% का दरले ह्रास कट्टी गरेपछि हुन आउने रकम रु. ................

**ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्र = $P \times (1\text{-}RD/100)^n$**

जहाँ, **P** = नं. (III) अनुसार हुन आउने हालको मूल्याङ्कन रुपैयामा,

**RD** = नं. (IV) अनुसारको ह्रासकट्टी दर (५%)

**n** = सवारी क्षति भएको वर्षबाट - सवारी बनेको वर्ष घटाउँदा हुने (क्षति भएको वर्ष - बनेको वर्ष)

**(iv)** क्षति भएको सवारी साधन ज्यादै पुरानो भई ह्रास कट्टी गर्दा र अवशेष मूल्य घटाउँदा क्षेति अङ्कको १५% भन्दा कम क्षति अङ्क कायम हुने भएमा विमा भएको अवस्थामा विमित मूल्यलाई क्षति अङ्क कायम गर्ने र विमा नभएको अवस्थामा प्राविधिकले मूल्याङ्कन गरेको क्षतिको १५% रकम खुद क्षति अङ्क कायम गरी पठाउनु पर्नेछ ।

**(v)** सवारी साधन विमा भए नभएको यकिन गरी विमा भएको अवस्थामा क्षतिको जानकारीको लागि र विमा नभएको अवस्थामा क्षति वापत आर्थिक सहायता उपलब्ध गराउन अनुसूची १३ बमोजिमको फाराम नं. ४.१ भरी प्राविधिक मूल्याङ्कनको सक्कलै प्रति, समितिको निर्णयको प्रमाणित प्रतिलिपि, ब्लुबुकको प्रमाणित प्रतिलिपि, क्षतिग्रस्त सवारी साधनको फोटो र सवारी साधन भाडामा लिएको प्रमाणित कागजात संलग्न राखी आर्थिक सहायता उपलब्ध गराउन सवारी साधन प्रयोग गर्ने सुरक्षा इकाईको केन्द्रीय निकायमा पठाउनु पर्नेछ । यसरी क्षति मूल्याङ्कन भई आएपछि सम्बन्धित केन्द्रीय सुरक्षा निकायले निर्धारित प्रक्रिया पुगेको छ छैन हेरेर क्षति वापत पाउनुपर्ने रकम निर्धारण गरी जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित सवारी धनीलाई उपलब्ध गराउनु पर्नेछ ।

## ४.२. बन्द वा नाकावन्दीको समयमा क्षति भएका सवारी साधन वापत आर्थिक सहायता:

४.२.१. द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आयोजना गरेको वन्द वा नाकावन्दीको बेला सरकारले गरेको आव्हानअनुरुप सञ्चालन गरिएका सार्वजनिक प्रयोगका यात्रुवाहक तथा मालवाहक सवारी साधनहरु द्वन्द्वरत पक्षबाट क्षति पुऱ्याइएकोमा देहायबमोजिमको वर्गीकरण र मापदण्डअनुसार प्रमुख जिल्ला अधिकारीले वन्द वा नाकावन्दीको समयमा तत्कालीन सरकारले आव्हान गरेअनुरुप सञ्चालन गर्दा क्षती भएको भनी स्पष्ट किटान गरी पठाएको सिफरिशका आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सम्बन्धित सवारी धनीलाई आर्थिक सहायता उपलब्ध गराउनेछ ।

४.२.२. सवारी साधनको इन्जिन, च्यासिससमेत काम नलाग्ने भई पूर्णरुपले क्षति भएको अवस्थामा क्षतिको ९०% रकम आर्थिक सहायता वापत उपलब्ध गराइनेछ ।

**क्षति अङ्क निर्धारण गर्ने तरिका**

(i) मेकानिकल इन्जिनियरबाट क्षतिको प्राविधिक मूल्याङ्कन गराउने ।

(ii) गाडीको Scrape Value लाई क्षति अङ्कबाट घटाउने।

(iii) वार्षिक ५% को दरले ह्रासकट्टी गर्दा कूल क्षतिको १०% भन्दा कम नहुने गरी क्षति अङ्क कायम गर्ने । विमा गरिएको हकमा विमित मूल्यलाई आधार मानिनेछ । नं. (iii) अनुसार गरिने छैन । विमा भए नभएको यकिन गरी विमा नभएकोमा नं. (iii) र विमा भएकोमा नं. (iv) अनुसार गरेपछि पछि कायम हुने क्षति अङ्कको आधारमा मापदण्ड अनुरुप खुद क्षति अङ्क कायम गर्ने ।

४.२.३. इन्जिन र च्यासिस नविग्रिएको तर बडी ध्वस्त भएको अवस्थामा खुद क्षतिको ७५% रकम आर्थिक सहायता उपलब्ध

गराइनेछ । यस प्रयोजनका लागि समेत क्षति अङ्कको निर्धारण बुँदा नं. ४.२.२. मा उल्लेख भए अनुसार नै गरिनेछ ।

४.२.४. सामान्य वा आंशिक क्षति भएको अवस्थामा प्राविधिकबाट मूल्याङ्कन गराएको आधारमा कूल क्षतिको ५०% रकम आर्थिक सहायता वापत उपलब्ध गराइनेछ । यसमा विमा बुझ्नु जरुरी हुनेछैन ।

**प्राविधि मूल्याङ्कनको तरिकाः**

(I) क्षतिग्रस्त भएको भागको क्षति अङ्क रु. ..................

(II) क्षति भएको भागको अवशेष मूल्य रु. .............

(III) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम (P) = रु. ..........

(IV) वार्षिक ५% का दरले ह्रास कट्टी गरेपछि हुन आउने रकम रु. ................

**ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्र = $\mathbf{P \times (1\text{-}RD/100)^n}$**

जहाँ, **P**=नं. (III) घटाएर हुन आउने मूल्याङ्कन रुपैयामा,

**RD** = नं. (IV) अनुसारको ह्रासकट्टी दर (५%)

**n** = सवारी क्षति भएको वर्षबाट - सवारी खरिद भएको वर्ष घटाउँदा हुने (क्षति भएको वर्ष - बनेको वर्ष) वर्ष

**४.२.५. स्थानीय क्षति मूल्याङ्कन समिति**

बन्द वा नाकावन्दीको समयमा सञ्चालन गरेका कारणबाट भएको सवारी साधनको क्षतिको मूल्याङ्कन गरी सिफारिस गर्न देहायबमोजिमको स्थानीय क्षति मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख) जिल्ला प्रहरी प्रमुख | सदस्य |
| ग) कोष तथा लेखा नियन्त्रक | सदस्य |
| घ) मेकानिकल इन्जिनियर/प्राविधिक | सदस्य |
| ङ) स्थानीय यातायात व्यवसायीको प्रतिनिधि | सदस्य |

समितिले आफ्नो सीमाभित्र घटेको घटनामा भएको क्षतिको मूल्याङ्कन गरी सहायता रकम निर्धारण गर्ने कार्य गर्नेछ । समितिले मेकानिकल इन्जिनियर वा यस विषयसंग सम्बन्धित

प्राविधिक यातायात व्यवस्था कार्यालयबाट प्राप्त गर्नेछ । प्राविधिक उपलब्ध हुने व्यवस्था श्रम तथा यातायात व्यवस्था मन्त्रालयद्वारा मिलाइनेछ । तत्काल यातायात व्यवस्था कार्यालयबाट प्राविधिक उपलब्ध हुन नसकेमा नेपाल सरकारका कार्यालयहरु वा संस्थानमा कार्यरत सम्बन्धित विषयको प्राविधिकबाट पनि समितिले मूल्याङ्कनको काम गर्न, गराउन सक्नेछ ।

सहायता वितरणको लागि समितिबाट निर्णय भैसकेपछि अनुसूची १३ फाराम नं. ४.१ भरी समितिको निर्णयको प्रमाणित प्रतिलिपि, प्राविधिकको मूल्याङ्कनको सक्कलै प्रति, ब्लुबुकको प्रमाणित प्रतिलिपि लगायतका कागजात समेत संलग्न राखी श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा पठाउनु पर्नेछ ।

### ४.२.६. सहायता वितरणको व्यवस्था

जिल्लाको स्थानीय क्षति मूल्यांकन समितिले सहायता रकम निर्धारण गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा रकम माग गर्नु पर्नेछ । यस्तो रकम यकिन गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयले जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित सवारी धनीलाई उपलब्ध गराउनेछ । यस प्रयोजनको लागि अर्थ मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई आवश्यक रकम उपलब्ध गराउनेछ ।

### ४.२.७. प्रमुख जिल्ला अधिकारीले ध्यान दिनुपर्ने विषयहरु :-

यस्तो सहायता वितरण गर्दा स्थानीय क्षति मूल्यांकन समितिको निर्णय अनुसार गरिने हुनाले यस सम्बन्धी सम्पूर्ण जिम्मेवारी समितिमा रहने हुँदा यो कुरालाई विचार गरेर सबै प्रक्रिया पुऱ्याएर मात्र सहायताको निकासा माग गर्नु पर्दछ । यस व्यवस्था बमोजिम श्रम तथा यातायात व्यवस्था मन्त्रालयले रकम निकासामा मात्र सहयोग गर्नेछ । स्थानीय स्तरमा गरिएका निर्णय र कार्यहरुको सम्पूर्ण जिम्मेवारी प्रमुख जिल्ला अधिकारीमा रहनेछ । अतः सहायता रकम सिफरिश गर्दा प्रमुख जिल्ला अधिकारीले देहायका कुराहरुमा ध्यान पुऱ्याउनुपर्नेछः-

(क) द्वन्द्वरत पक्षबाट बन्दको कार्यक्रम राखिएको अवस्थामा सरकारको आव्हानअनुरुप सवारी साधन सञ्चालन गर्दा

क्षति भएको सवारी साधनहरुको मात्र यस अनुसार मूल्याङ्कन गर्नु पर्नेछ ।

(ख) द्वन्द्वरत पक्षबाट बन्दको आव्हान भएको हो होइन र सरकारी पक्षबाट उक्त दिन सवारी साधन सञ्चालन गर्न आव्हान भएको थियो, थिएन एकिन गरेर मात्र यस अनुसारको क्षतिको मूल्याङ्कन गर्नु पर्दछ ।

(ग) बन्दको आव्हान भएको र सरकारी पक्षबाट उक्त दिन सवारी साधन सञ्चालन गर्न आव्हान भएको पुष्टि नभएमा अन्य अवस्थामा सवारी साधन क्षति भएको मापदण्ड अनुरुप क्षतिको मूल्याङ्कन गर्नु पर्दछ ।

## ४.३. अन्य अवस्थामा सवारी साधनहरु क्षति भएकोमा क्षतिपूर्तिसम्बन्धी व्यवस्थाः

द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आव्हान गरेको बन्द वा नाकाबन्दीको अवस्था बाहेक अन्य अवस्थामा द्वन्द्वरत पक्षबाट सवारी साधन क्षति पुऱ्याइएकोमा अन्य व्यक्तिगत सम्पत्ति क्षति सरह आर्थिक सहायता उपलब्ध हुनेछ ।

४.३.१. सवारी साधनको क्षतिको मूल्याङ्कन बुँदा नं. ४.२.५. मा उल्लेख भएको स्थानीय क्षति मूल्याङ्कन समितिबाट गराउनु पर्नेछ ।

४.३.१. समितिले सवारी साधनको मूल्याङ्कन निम्न प्रक्रिया र आधारमा गर्नु पर्नेछः-

(i) प्राविधिकबाट क्षतिको मूल्याङ्कन गराउनु पर्दछ । क्षति र मर्मत गर्न लाग्ने खर्च  फरक फरक विषय भएकोले प्राविधिकले मूल्याङ्कन गर्दा क्षतिको मात्र मूल्याङ्कन गर्नु पर्दछ । क्षति अङ्कमा मर्मत गर्नलाग्ने खर्चलाई जोड्नु हुँदैन ।

(ii) सवारी साधन पूर्ण रुपमा क्षति भएको अवस्थामा अवशेष मूल्य (Scrape Value)  को अनुमान गरी नं. (i) बाट घटाउनु पर्दछ ।

(iii) क्षतिग्रस्त सवारी साधनको ब्लू बुक हेरेर सवारी साधन बनेको वर्षबाट क्षति भएको मिति घटाई हुन आउने वर्षमा वार्षिक ५% का दरले ह्रासकट्टी गरेर क्षति अङ्क यकिन गर्नु पर्दछ ।

प्राविधिक मूल्याङ्कनको तरिकाः

(I) क्षतिग्रस्त भएको भागको क्षति अङ्क रु. ..................

(II) क्षति भएको भागको अवशेष मूल्य रु. .............

(III) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम (P) = रु. ............

(IV) वार्षिक ५% का दरले ह्रास कट्टी गरेपछि हुन आउने रकम रु. ................

**ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्र = $P \times (1-RD/100)^n$**

जहाँ, **P**=नं. (ii) अनुसार हुन आउने हालको मूल्याङ्कन (रुपैयामा),

**RD** = नं. (iii) अनुसारको ह्रासकट्टी दर (५%)

**n** = (सवारी क्षति भएको वर्ष - सवारी बनेको वर्ष)

(iv) क्षतिग्रस्त सवारी साधन विमा भएको नभएको यकिन गरी विमा भएको अवस्थामा जानकारीको लागि र विमा नभएको अवस्थामा अनुसूची १३ बमोजिम फाराम नं. ४.१ भरी आर्थिक सहायता उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीले श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

(v) यसरी क्षति मूल्याङ्कन भई आएपछि श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट मापदण्डअनुरुप क्षति मूल्याङ्कन भएको छ छैन हेरी अनुसूची १५ (ख) बमोजिमको मापदण्ड अनुसार गर्दा हुन आउने रकम आर्थिक सहायतास्वरुप जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित सवारी धनीलाई उपलब्ध गराउनु पर्नेछ । यस प्रयोजनको लागि अर्थ मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई आवश्यक रकम उपलब्ध गराउनेछ ।

**४.४ सुरक्षा कायम गर्ने सिलसिलामा सुरक्षा निकायले कसैको सवारी साधनलाई देहाय बमोजिमको समयसम्म भाडा नदिई प्रयोग गरेको भएमा सम्बन्धित सवारी धनीलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराइनेछ :-**

(क) ६ महिनासम्मको लागि एकमुष्ट रु. १५,०००।-

(ख) ६ महिनादेखि १ वर्षसम्मको लागि एकमुष्ट रु. ३०,०००।-

(ग) १ वर्षभन्दा बढी समयको लागि एकमुष्ट रु. ४०,०००।-

तर यो मापदण्ड प्रारम्भ भएपछि कसैको निजी स्वामित्वको सवारी साधन सवारी धनीको मञ्जुरी बेगर प्रयोग गर्न वा गराउन सकिने छैन ।

**४.४.१. यस प्रयोजनको लागि आर्थिक सहायता प्रदान गर्ने सिफारिश गर्न जिल्लास्तरमा देहाय बमोजिमको स्थानीय सिफारिश समिति रहनेछः-**

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख) सवारी साधन प्रयोग गर्ने सुरक्षा निकायको प्रमुख वा निजको प्रतिनिधि | सदस्य |
| ग) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | सदस्य |

उक्त समितिले श्रम तथा यातायात व्यवस्था मन्त्रलायमा सिफारिश गर्ने छ । सोको लागि आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयका नाममा  निकासा पठाउनेछ । श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित व्यक्तिले भुक्तानी पाउने गरी निकासा पठाउनेछ ।

## ५. अपहरण वा वेपत्ता भएकाहरुलाई आर्थिक सहायता

**५.१.** द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुले कुनैपनि निर्दोष नागरिकलाई अपहरण गरी वा वेपत्ता पारी ३० दिनभन्दा बढी अवधिसम्म आफन्त तथा आम सञ्चार समेतको सम्पर्कभन्दा बाहिर अज्ञात स्थलमा राखेको भनी प्रमाणित हुन आएमा अपहरण वा वेपत्ता भएको त्यस्तो व्यक्ति वा निजका नजिकको हकदारलाई राज्यको तर्फबाट राहत स्वरुप एकमुष्ट रु. २५ हजार आर्थिक सहायता उपलब्ध गराइनेछः-

**५.२. आर्थिक सहायता उपलब्ध गराउने आधारहरुः**

५.२.१. सिफारिशको व्यवस्था

द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुबाट अपहरण वा वेपत्ता पारिएको कारणले क्षतिपूर्ति पाउँन कुनैपनि सर्वसाधारण नागरिकले निवेदन दिएमा निज अपहरण वा वेपत्ता भए नभएको एकिन गरी राहतको सिफरिश गर्न स्थानीय स्तरमा निम्नअनुसारको एक समिति रहनेछः-

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख) जिल्ला प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ग) स्थानीय मानव अधिकारकर्मी संगठनहरुको प्रतिनिधि | सदस्य |
| घ) स्थानीय सञ्चारकर्मीहरुका संगठनको प्रतिनिधि | सदस्य |
| ङ) स्थानीय नागरिक समाजका अगुवाहरुको प्रतिनिधि | सदस्य |
| च) कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख | सदस्य-सचिव |

उल्लिखित समितिले अपहरण वा वेपत्ता भएको ठोस र यथेष्ट प्रमाणको आधारमा वास्तविक पीडितलाई राहतस्वरुप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्नेछ । प्रमुख जिल्ला अधिकारीले उक्त समितिले निर्णय गरे बमोजिमको राहत रकम सिफारिश गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनुपर्नेछ । जिल्ला प्रशासन कार्यालयले यस्तो राहतका लागि सिफारिश गरी पठाउँदा सम्भव भएसम्म आफ्नो

जिल्ला भरीका द्वन्द्वको अवधिमा अपहरणमा परेका सबै पीडितहरुको एकैपटक सिफारिश गरी पठाउनु पर्नेछ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यसरी प्राप्त सिफारिशको प्रक्रिया, आधार एवं प्रमाणहरुलाई अध्ययन गरी राहत उपलब्ध गराउनुपर्ने ठहरिएमा मापदण्ड अनुसारको राहत रकम जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित पीडितलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

**५.२.२. प्रमाणित फाराम संलग्न हुनुपर्ने**

अपहरण वा वेपत्ता भएका व्यक्तिहरुका लागि राहतको सिफारिश गर्दा माथि उल्लेख गरिए बमोजिमको समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहित अनुसूची १४ मा उल्लिखित फाराम नं. ५.१ भरी प्रमुख जिल्ला अधिकारी स्वयंले उक्त फाराम प्रमाणित गरेर सिफारिस गरी पठाउनुपर्नेछ । सिफारिसका साथ अपहरण वा वेपत्ता भएको कुराको पुष्ट्याईं गर्ने प्रमाणहरुसमेत संलग्न राखी पठाउनुपर्नेछ ।

## ६. द्वन्द्वपीडित व्यक्ति तथा परिवारका सदस्यहरुका लागि सीपमूलक तालिम तथा वैदेशिक रोजगारसम्बन्धी व्यवस्था

६.१. सीपमूलक तालिमको व्यवस्था:

द्वन्द्वपीडित तथा विस्थापित र उनीहरुका परिवारका सदस्यहरुलाई आय आर्जन हुनसक्ने, रोजगार/स्वरोजगार एवं वैदेशिक रोजगारमूलक अल्पकालीन तालिमको व्यवस्था मिलाइनेछ। यसको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका प्रतिनिधि रहेको एक संयन्त्रले स्पष्ट धारणा, आधार र प्रक्रिया एवं तालिमका विषयहरु यकिन गरी आ-आफ्नो निकायबाट व्यवस्थित र प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउनेछन्। यस कार्यको अनुगमन शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट समेत हुनेछ।

६.२. वैदेशिक रोजगारसम्बन्धी व्यवस्था:

वैदेशिक रोजगारमा द्वन्द्वपीडित तथा विस्थापितहरु र तिनका परिवारका सदस्यहरुको सहज पहुँच पुऱ्याउन निम्नानुसारको व्यवस्था मिलाइनेछ:-

६.२.१. वैदेशिक रोजगरमा द्वन्द्वपीडित तथा विस्थापितहरु र तिनीहरुका परिवारका सदस्यहरुको लागि निश्चित सीट सुरक्षित गरिनेछ।

६.२.२. सुरक्षित सीटमा द्वन्द्वपीडित तथा विस्थापितहरु र तिनीहरुका परिवारका सदस्यहरुलाई उनीहरुमा भएको योग्यता, सीप, दक्षता एवं क्षमताका आधारमा वैदेशिक रोजगारमा पठाउन प्राथमिकता दिइनेछ।

६.२.३. वैदेशिक रोजगारको लागि प्राप्त मागका आधारमा के कति सीट सुरक्षित राख्ने र सुरक्षित सीटमा कसरी, कुन प्रक्रिया, सेवा, शर्त एवं सिफारिसअनुरुप वैदेशिक रोजगार व्यवसायी कम्पनीहरुबाट सहज ढङ्गले रोजगारीको लागि विदेशमा पठाउन सकिन्छ भन्ने सम्बन्धमा श्रम तथा यातायात व्यवस्था मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, वैदेशिक रोजगार व्यवसायी संघ एवं आवश्यकताअनसार अन्य निकायका प्रतिनिधि समेत रहेको संयन्त्रले गृहकार्य गरी कार्ययोजना बनाउनेछ। श्रम तथा यातायात व्यवस्था मन्त्रालयले उक्त कार्ययोजनालाई प्रभावकारी र व्यवस्थित ढङ्गले कार्यान्वयनमा ल्याउनेछ। यस कार्यको अनुगमन शान्ति तथा पुनर्निर्माण मन्त्रालय एवं श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेतले गर्नेछन्।

## ७.विविध

**७.१. अन्य पीडितहरुलाई प्रदान गरिने आर्थिक सहायता एवं राहत सम्बन्धी व्यवस्था** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि द्वन्द्वको अवधिभन्दा पछि वा सरकार-माओवादी द्वन्द्वभन्दा बाहेकका अन्य प्रकारका द्वन्द्वहरुको कारणबाट भएको क्षतिको हकमा नेपाल सरकारबाट राहत एवं आर्थिक सहायता प्रदान गर्ने गरी नीतिगत निर्णय भएमा सोही बमोजिम र नभएकोमा यसै मापदण्ड बमोजिमको राहत तथा आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

**७.२ राहत उपलब्ध गराइने समयावधि:**यस मापदण्ड बमोजिम उपलब्ध गराइने आर्थिक सहायता तथा राहत रकम "द्वन्द्व पीडितहरुका लागि आर्थिक सहायता एवं राहतसम्बन्धी मापदण्ड २०६४" मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिले दुईवर्षसम्म उपलब्ध गराइने छ । तोकिएको अवधि समाप्त भएपछि प्रक्रियामा रहेकाहरुको सम्बन्धमा नेपाल सरकारले छुट्टै निर्णय गर्नेछ ।

**७.३ यसै मापदण्ड बमोजिम भएको मानिने:** यो मापदण्ड लागू हुनुपूर्व तत्कालीन नीति, निर्देशिका तथा मापदण्डबमोजिम वितरण गरिएका आर्थिक सहायता एवं राहतहरु यसै निर्देशिका बमोजिम वितरण भएको मानिनेछ । त्यसरी आर्थिक सहायता एवं राहत पाइसकेको पीडितहरुलाई यस मापदण्डबमोजिम पुन: राहत प्रदान गरिने छैन । तर मन्त्रिपरिषद् राजनैतिक समितिको मिति २०६४।११।२७ को निर्णयको हकमा सोही निर्णय बमोजिम हुनेछ ।

**७.४. संसोधन गर्न सकिने:**

यस "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहतसम्बन्धी मापदण्ड, २०६४" लाई आफ्नो कार्यसम्पादनमा आउने जटिलताहरुलाई फुकाउन तथा कार्य प्रक्रियालाई सरल तुल्याउन सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले मा. मन्त्रीस्तरीय निर्णयबाट सामान्य थपघट, संशोधन तथा परिवर्तन गर्न सक्नेछ । साथै यो 'मापदण्ड' कार्यान्वयनका लागि आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय/निकायका प्रतिनिधिहरु सम्मिलित विभिन्न संयन्त्रको निर्माण समेत गर्न सकिनेछ ।

अनुसूची १

**<u>नमुना पत्र नं. १.१</u>**

**(मापदण्डको बुँदा नं. १.१.२ संग सम्बन्धित)**

**(मृतकका नजिको हकदारलाई राहतका लागि सिफारिश गर्न प्रयोग गर्ने पत्रको नमूना)**

मिति : २०  ।  ।

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
राहत तथा पुनस्थापन शाखा,
बबरमहल, काठमाडौं ।

**विषय:** आर्थिक सहायता उपलब्ध गराउने बारे ।

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................. बस्ने श्री ............................ मिति २० / / गते द्वन्द्वमा परी मृत्यु हुने ........................... का नजिकका हकदार भएकोले निजलाई आर्थिक सहायता उपलब्ध गराइ दिन सिफारिश गर्दछु ।

...................................

(प्रमुख जिल्ला अधिकारी)

अनुसूची २

## फाराम नं. १.२

(मापदण्डको बुँदा नं. १.२.५.(i) संग सम्बन्धित)

## मृतकका छोरा/छोरीहरुलाई छात्रबृत्ति प्रदान गर्न रकम मागको सिफारिस गर्दा प्रयोग गर्ने नमुना फाराम

| सि.नं. | मृतकको नाम | मृतकका हकदारले आर्थिक सहायता पाएको मिति | मृतकको छोरा/छोरीको नामथर | उमेर (वर्ष) | कक्षा/ तह | शिक्षण संस्थाको नाम | शिक्षण संस्थाको ठेगाना | सिफारिस गरिएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |

.................................

जिल्ला शिक्षा अधिकारी

अनुसूची ३

**नमुना फाराम नं. १.३**

**(मापदण्डको बुँदा नं. १.३.२. संग सम्बन्धित)**

(विधवाको लागि आर्थिक सहायताको सिफारिश गर्ने फारामको नमूना)

नेपाल सरकार

## स्थानीय विकास मन्त्रालय

## जिल्ला विकास समितिको कार्यालय, ........................

| सि.नं. | मृतकको नामथर | मृतकका हकदारले राहत प्राप्त गरेको मिति | विधुवाको नामथर | उमेर | सिफारिश गरिएको आर्थिक सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

...............................

स्थानीय विकास अधिकारी

अनुसूची ४

नमुना पत्र नं. २.१

(मापदण्डको बुँदा नं. २.३ क (i) संग सम्बन्धित)

(द्वन्द्वबाट घाइते हुनेलाई स्थानीय स्वास्थ्य संस्थामा उपचारका लागि सिफारिश गर्ने पत्रको नमूना)

मिति : २०   ।   ।

श्री ................................ अस्पताल

............................ ।

**विषयः** घाइतेको औषधि उपचार गरिदिने बारे ।

........................ जिल्ला .............. गा.वि.स. वडा नं. ................. बस्ने श्री ............................ मिति २०   /   / गते द्वन्द्वमा परी घाइते भएकोले निजको उपचारको व्यवस्था मिलाउनु हुन सिफारिश गर्दछु ।

**बोधार्थः**

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

काठमाडौं ।

......................................

(प्रमुख जिल्ला अधिकारी)

अनुसूची ५

<u>नमुना पत्र नं. २.२</u>

**(मापदण्डको बुँदा नं. २.३ क (ii) संग सम्बन्धित)**

**(द्वन्द्वका कारण भएका घाइतेहरुको स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा उपचारको व्यवस्था मिलाउन सिफारिश गर्ने पत्रको नमूना)**

मिति : २०   ।   ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
काठमाडौं ।

**विषयः** औषधि उपचारको लागि पठाइएको बारे ।

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................. बस्ने श्री ............................ मिति २०   /   / गते द्वन्द्वमा परी घाइते भएको र स्थानीय अस्पतालमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुबाट सिफारिस भई आएकोले निजको उपचारको व्यवस्था हुन सिफारिससाथ अनुरोध गर्दछु ।

.......................................
(प्रमुख जिल्ला अधिकारी)

अनुसूची ६

**नमुना पत्र नं. २.३**

**(मापदण्डको बुँदा नं. २.३ क (iii) संग सम्बन्धित)**

**(द्वन्द्वको क्रममा घाइते भई स्थानीय स्तरमा उपचार भएकोमा खर्च उपलब्ध गराइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिश गर्दा प्रयोग गर्ने पत्रको ढाँचा)**

मिति : २०  ।  ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

काठमाडौं ।

**विषयः** औषधि उपचारको खर्च उपलब्ध गराइ दिने बारे ।

........................ जिल्ला .............. गा.वि.स. वडा नं. ................ बस्ने श्री ........................... लाई यस कार्यालयको मिति २०  /  / को सिफारिश अनुसार ................. अस्पतालमा उपचार गराइएको थियो । उपचारको क्रममा रु. ................ खर्च भएको भनी सम्बन्धित पक्षबाट निवेदन प्राप्त हुन आएकोले निम्न कागजात सहित रु. ................ सम्बन्धित व्यक्ति/कार्यालयलाई निकासा गरिदिन सिफारिश गर्दछु ।

.......................................

(प्रमुख जिल्ला अधिकारी)

क) चिकित्सकको सिफारिश प्रेस्क्रिप्सन

ख) नं. (क) अनुसार खरिद गरिएका औषधिका विल थान ...... ।

ग) घटनास्थलबाट अस्पतालमा पुऱ्याउँदाको खर्च प्राप्त गर्ने कागजात ।

घ) अस्पतालको विल ।

**द्रष्टव्यः** चिकित्सकको प्रेस्क्रिप्सन अनुसार खरिद गरिएका औषधिको हरेक विल पछाडि सम्बन्धित अस्पतालबाट प्रमाणित गरेको हुनुपर्दछ ।

अनुसूची ७

## निवेदन नमुना २.४

**(मापदण्डको बुँदा नं. २.३ (ख) (i) संग सम्बन्धित)**

**(द्वन्द्वका क्रममा भएका घाइतेहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधि उपचारको लागि माग गर्ने निवेदन ढाँचा)**

मिति : २०   ।   ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
काठमाडौं ।

**विषय:** औषधि उपचारको व्यवस्था गरी पाउँ ।

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................. बस्ने श्री ............................ मिति २०   /   / गते द्वन्द्वमा परी घाइते भएकोले प्रमुख जिल्ला अधिकारी ............................को मिति २०   /   / को पत्र सहित औषधि उपचारको व्यवस्था हुन यो निवेदन पेश गरेको छु ।

......................<br>निवेदक

नाम : ..........................................
ठेगाना : ...................... जिल्ला ......................... न.पा./गा.वि.स. वडा नं. .............
घाइतेसंगको नाता : ................................................

**अनुसूची ८**

**<u>निवेदन नमुना २.५</u>**

**(मापदण्डको बुँदा नं. २.३ (ख) (ii) संग सम्बन्धित)**

**(स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले द्वन्द्वका घाइतेहरुलाई उपचार गरिदिन अनुरोध गर्दा लेख्ने पत्रको ढाँचा)**

मिति : २०   ।   ।

श्री ........................... अस्पताल

.............................................. ।

**विषयः** घाइतेको औषधि उपचारको व्यवस्था मिलाउने बारे ।

........................ जिल्ला .............. गा.वि.स. वडा नं. ................ बस्ने श्री ........................... मिति २०   /   / गते द्वन्द्वमा परी घाइते भएकोले निजको औषधि उपचारको व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

**<u>बोधार्थः</u>**

श्री जिल्ला प्रशासन कार्यालय

.............................. ।

..............................

(शाखा अधिकृत)

**अनुसूची ९**

<u>पत्र नमुना २.६</u>

**(मापदण्डको बुँदा नं. २.३ ख (vii) संग सम्बन्धित)**

**(पुनः उपचारको लागि लेख्ने पत्रको ढाँचा)**

मिति : २०   /     /

श्री ........................ अस्पताल

............................................ ।

**विषयः** घाइतेको पुनः उपचार गरिदिने बारे ।

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................. बस्ने श्री ............................ को मिति २०   /     / को पत्रका आधारमा त्यस अस्पतालमा उपचार भएको थियो । मिति २०   /     / मा त्यस अस्पतालका चिकित्सक डा श्री .............................. ले पुनः भर्ना गरी उपचार गर्नुपर्ने/शल्यक्रिया गर्नुपर्ने भनी सिफारिश गरेकोले औषधि उपचारको व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

...........................

(शाखा अधिकृत)

अनुसूची १०

<u>कफाराम नं. ३.१</u>

(मापदण्डको बुँदा नं. ३.१.३ संग सम्बन्धित)

## व्यक्तिगत घर क्षतिको मूल्यांकन फाराम

## (सरकारी कार्यालयले भाडामा लिएको घर/व्यक्तिगत घर क्षति भएको अवस्थामा भर्ने फाराम)

१. घर धनीको नाम : ..........................................................................................

२. घर धनीको ठेगाना : ......................................................................................

३. भाडामा लिएको घर रहेको ठेगाना र जग्गाको कित्ता नं. .....................................
..........................................................................................................................

४. भाडामा लिने कार्यालयको नाम : ......................................................................

५. भाडामा बस्न थालेको वर्ष : ...........................................................................

६. मासिक भाडा रकम : .......................................................................................

७. घटना घटेको मिति : ........................................................................................

८. क्षतिको प्राविधिक मूल्यांकन रु. .........................................................................

९. प्राविधिकको नाम : ..........................................................................................

१०. पद : ............................... कार्यालय : .......................................................

११. विमा भएको/नभएको : भएको भए विमा कम्पनीको नाम, ठेगाना
..........................................................................................................................

१२. विमा भएको भए विमाबाट प्राप्त रकम रु. ...............................................

१३. घरको संक्षिप्त विवरण:

कच्ची/पक्की, १ तले/२ तले/३ तले/ अन्य, कोठा संख्या: ..... ट्वाइलेट/बाथरुमको संख्या : .......

१४. अवशेष मूल्य रु. : ............ १५. घर निर्माण भएको वर्ष : .................

१६. नं. ८ बाट नं. १४ को अङ्क कटाएर आएको खुद क्षति अङ्कमा वार्षिक ५% को दरले ह्रासकट्टी गर्दा हुन आउने रकम रु. : ........................................

घरधनी श्री ............................................................ लाई क्षति वापत रु. :................. आर्थिक सहायता उपलब्ध गराइ दिन सिफारिश गर्दछौं ।

__________ __________ __________ __________ __________

(माथिको खाली ठाउँमा मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी पद र समितिको हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., संयोजक आदि)

**संलग्न:** (क) प्राविधिकको मूल्यांकन,

(ख) घर निर्माण वर्ष खुल्ने कागज,

(ग) विमा भए नभएको यकिन गर्न सकिने प्रमाण,

(घ) सम्भव भएमा क्षतिग्रस्त घरको फोटो थान ...................... ।

## फाराम नं. ३.२

(मापदण्डको बुँदा नं. ३.२.२ (ग) संग सम्बन्धित)

## चल सम्पत्ति क्षतिको मूल्यांकन फारामको ढाँचा

१. पीडितको नाम, थर : ..................................................................................

२. पीडितको ठेगानाः.......................................................................................

३. घटना घटेको मिति : ...................................................................................

| क्र. सं. | सामानको नाम | सामानको विवरण | इकाई | परिमाण | पीडितको दावी रकम रु. | समितिको मूल्यांकन र दावी सिफारिस अङ्क रु. |
|---|---|---|---|---|---|---|
| १. | सुन | | | | | |
| २. | चाँदी | | | | | |
| ३. | नगद | | | | | |
| ४. | खाद्यान्न | | | | | |
| ५. | लत्ता कपडा | | | | | |
| ६. | फर्निचर | | | | | |
| ७. | पशु-चौपाया/हाँस कुखुरा | | | | | |
| ८. | धातुका सामानहरु | | | | | |
| ९. | इलेक्ट्रोनिक्स सामानहरु | | | | | |
| १०. | डेकोरेसनका सामान | | | | | |
| ११. | भाँडाकुँडा | | | | | |
| १२. | मेशीनरी औजारहरु | | | | | |
| १३. | विविध* | ( .....................) | | | | |
| जम्मा | | | | | | |

श्री ................................................ को मूल्य रु. :................ बराबरको सम्पत्ति क्षति भएकोले आर्थिक सहायता उपलब्ध गराउन सिफारिश गरिएको छ ।

__________ __________ __________ __________ __________

(माथिको खाली ठाउँमा मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी नाम थर पद हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., संयोजक आदि)

**नोटः** मूल्यांकनमा समावेश नहुने चिज वस्तुहरुः-

(क) तमसुक । (ख) पुरातात्विक महत्वका किताव, मूर्ति, आदि ।

(ग) बहुमूल्य वस्तुहरु हिरा, मुगा आदि । (घ) नथन्क्याइएको बाली ।

***विविध अन्तरगत समावेश गरिएका सामानहरुलाई कोष्ठभित्र उल्लेख गर्नुपर्नेछ ।**

अनुसूची १२

## फाराम नं. ३.३

**(मापदण्डको बुँदा नं. ३.३.२.(iv) संग सम्बन्धित)**

**कृषि गतिविधि गर्न नपाएर भएको क्षतिको मूल्यांकन फाराम**

१. सुरक्षा इकाई रहेको स्थान : ..........................................

२. सुरक्षा इकाईले कृषि गतिविधि गर्न निषेध गरेको मिति : ......................

३. कृषिगतिविधि गर्न निषेध गरिएको जग्गाको जम्मा क्षेत्रफल :

| कृषकको नाम | क्षेत्रफल | उब्जनीको किसिम | प्रति इकाई उत्पादन मूल्य | प्रति इकाई उत्पादन लागत | खुद क्षति | जग्गाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

__________ __________ __________ __________ __________

(माथिको खाली ठाउँमा मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी सोभन्दा मुनि नामथर, पद र समितिको हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., संयोजक आदि)

# अनुसूची १३

फाराम नं. ४.१

(मापदण्डको बुँदा नं. ४.१.२. (V), ४.२.५. र ४.३.१. (iv) संग सम्बन्धित)

**सवारी साधन क्षतिको मूल्यांकन फाराम**

**(सुरक्षा फौजले प्रयोग गरेको अवस्थामा/वन्द वा नाकावन्दीको बेलामा /अन्य अवस्थामा सवारी साधन क्षति भएमा मूल्यांकनको लागि भर्ने फाराम)**

१. सवारी साधनको नम्बर :...........................................................

२. धनीको नाम र ठेगाना : ...........................................................

३. सवारी साधन बनेको वर्ष : .........................

४. क्षति भएको मिति........................... ५. अवस्था : .........................

(सुरक्षा फौजले प्रयोग गरेको/बन्द वा नाकाबन्दी/अन्य अवस्था)

६. क्षतिको प्राविधिक मूल्यांकन रु. ....................................................

७. प्राविधिकको नाम : .................................................................

७. पद : .................. ८. कार्यालय : ............................................

९. अवशेष मूल्य (Scrape Value) रु. : ................................................

१०. नं. ६ बाट नं. ९ को अवशेष मूल्य घटाउँदा हुने रकम रु. .................

११. वार्षिक ५% का दरले ह्रासकट्टी गरेपछि हुन अउने रकमः ....................

१२. विमा भएको/नभएको : भएको भए विमा कम्पनीको नाम, ठेगाना :

.....................................................................................................

१३. विमा भएको भए विमाबाट प्राप्त रकम रु................................

श्री ........................................... को नं. .................. को सवारी साधन युद्धरत पक्षबाट, ............................................................ (सुरक्षा फौजले प्रयोग गरेको अवस्थामा/बन्द वा नाकाबन्दीमा चलाएको अवस्थामा/अन्य अवस्थामा) ...................................... (इन्जिन चेसिस सहित नस्ट भई पूर्णरुपमा/इन्जिन चेसिस बाहेक बडीमात्र पूणरुपमा/आंशिक रुपमा) क्षति पुऱ्याएकोले मापदण्डअनुरुप हुनआउने रु. ......................... आर्थिक सहायता उपलब्ध गराइदिन सिफारिस गर्दछौं ।

__________ __________ __________ __________ __________

(माथिको खाली ठाउँमा मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी पद र समितिको हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., संयोजक आदि)

**संलग्नः** (क) क्षति मूल्याङ्कन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,
(ख) सवारी साधनको ब्लु बुकको प्रमाणित प्रतिलिपि,
(ग) प्राविधिकको मूल्यांकनको प्रमाणित प्रतिलिपि,
(घ) विमा भए नभएको यकिन गर्न सकिने प्रमाण,
(ङ) सुरक्षा फौजले प्रयोग गरेको भए सोको आधार,
(च) सम्भव भएसम्म क्षतिग्रस्त सवारी साधनको फोटो ।

अनुसूची १४

<u>नमुना फाराम नं. ५.१</u>

(मापदण्डको बुँदा नं. ५.२.२. संग सम्बन्धित)
(अपहरण वा वेपत्ता भएका व्यक्तिहरुलाई राहतको सिफारिश गर्न प्रयोग गर्ने नमुना फाराम)

# द्वन्द्वका क्रममा अपहरण वा वेपत्ता भएका व्यक्तिको विवरण

| क.सं. | अपहरित वा वेपत्ता व्यक्तिको नाम, थर | बाबु वा आमाको नाम, थर | ठेगाना | | | उमेर | लिङ्ग | पेशा/कार्यक्षेत्र | अपहरण वा वेपत्ता भएको | | अपहरण वा वेपत्ता को द्वारा ? | अपहरण वा वेपत्तामा रहेको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | | | | मिति | स्थान | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

द्रष्टव्यः १) महल नं. ७ मा उमेर जनाउँदा पूरा गरेको उमेर वर्षमा लेख्नु पर्दछ ।
२) महल नं. ९ मा अपहरण वा वेपत्ता भएको व्यक्तिले गर्ने गरेको मुख्य कार्य वा पेशा वा व्यवसाय लेख्नु पर्दछ । जस्तैः शिक्षण, व्यापार, कृषि, कानून व्यवसाय, राजनीति आदि
३) महल नं. १२ मा कसले अपहकरण वा वेपत्ता पारेको हो खुलाउनु पर्दछ । जस्तैः राज्यपक्ष, विद्रोही पक्ष ।
४) महल नं. १३ मा अपहरण वा वेपत्ता भएको अवधिलाई दिनमा लेख्नु पर्दछ । जस्तै दुई महिना पन्ध्र दिन अपहरणमा परेको भए ७५ दिन लेख्ने ।

.....................................
प्रमुख जिल्ला अधिकारी,

**मिति २०६४।१०।२७ को मं.प. को निर्णयका आधारमा मिति २०६४।११।२७ मा मं.प., राजनीतिक समितिबाट भएको निर्णय:**

क) सात दलका शीर्ष नेताहरुबीच मिति २०६४।९।८ मा भएको सहमति पत्र समेतका आधारमा प्रस्तावसाथ संलग्न 'द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४' मा प्रस्ताव गरिए बमोजिम देहायका आधारमा सशस्त्र द्वन्द्वको कारणले मृत्यु भएका व्यक्तिका नजिकका हकदारलाई राहतस्वरुप प्रति मृतक एक लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने-

**१. द्वन्द्वका कारणले मृत्यु भएका व्यक्तिहरु भन्नाले देहायका अवस्थामा मृत्यु भएको व्यक्तिहरुलाई जनाउनेछ:-**

अ) द्वन्द्वरत पक्षहरुबाट चलेको गोली लागी मृत्यु भएका व्यक्तिहरु,
आ) द्वन्द्वका सिलसिलामा विच्छ्याइएको बारुदी सुरुङ्ग (Mines), विद्युतीय धराप आदिमा परी मृत्यु भएका व्यक्तिहरु,
इ) द्वन्द्वका क्रममा भएको बम विष्फोटमा परी मृत्यु भएका व्यक्तिहरु,
ई) द्वन्द्वका सिलसिलामा द्वन्द्वरत पक्षको अपहरणमा परी मारिएको पुष्टि भएका व्यक्तिहरु,
उ) द्वन्द्वको समयमा द्वन्द्वरत पक्षबाट गोली वा अन्य हतियार प्रहार गरी वा कुटपिट गरी मृत्यु भएका व्यक्तिहरु,
ऊ) द्वन्द्वपछि पनि द्वन्द्वका समयमा छाडिएका बेवारिसे बम विष्फोटमा परी वा बारुदी सुरुङ्ग वा विद्युतीय धरापमा परी मृत्यु भएका व्यक्तिहरु,
ए) द्वन्द्वका क्रममा वेपत्ता पारिएकाहरु मध्ये मृत्यु भएको भनी पुष्टि भएका व्यक्तिहरु,

ऐ) द्वन्द्वका समयमा आफ्नो कर्तव्य पालनामा खटिएको कुनै सुरक्षाकर्मी वा अन्य सरकारी कर्मचारी द्वन्द्वका कारणले मारिएको भनी पुष्टि भएमा त्यसरी मृत्यु भएका सुरक्षाकर्मी तथा सरकारी कर्मचारीहरु र
ओ) द्वन्द्वका कारण घाइते भई अस्पतालमा उपचारको क्रममा मृत्यु भएका व्यक्तिहरु ।

२.	**राहत उपलब्ध गराउने तरिकाः-**

अ) द्वन्द्वको अवधिमा सोको कारणले मृत्यु भएका सर्वसाधारण मृतकका सबैभन्दा नजिकका हकदारलाई राहतस्वरुप उपलब्ध हुने एकमुष्ट एकलाख रुपैयाँ आर्थिक सहायता घटना घटेको जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिशमा उपलब्ध हुनेछ । सो प्रयोजनका लागि प्रमुख जिल्ला अधिकारीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट तोकिएको ढाँचा बमोजिमको सिफारिश पत्र पठाउनु पर्नेछ ।

आ) द्वन्द्वका कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमीन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रिया अपनाउन सक्नेछ ।

इ) माथि बुँदा नं. अ) मा उल्लेख भएको सिफारिश पत्र प्रमुख जिल्ला अधिकारीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्रमुख जिल्ला अधिकारीबाट सिफारिश प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोकिए बमोजिमको आर्थिक सहायता सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछ । उपर्युक्त आर्थिक सहायता उपलब्धताको आधार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित कार्यदलको सिफारिश हुनेछ । राहत उपलब्ध गराउने कार्य थप व्यवस्थित गर्न अन्य प्रक्रिया निर्धारण गर्न आवश्यक देखिएमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्पष्ट गर्न सक्नेछ ।

ई) माथि बुँदा नं. इ) अनुसार प्राप्त राहत प्रमुख जिल्ला अधिकारीले सम्बन्धित मृतकको नजिकको हकदारलाई उपलब्ध गराउनेछ ।

उ) द्वन्द्वको अवधिमा सोको कारण मृत्यु भएका सुरक्षाकर्मी र सरकारी कर्मचारीको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट तत्कालीन समयमा भएका निर्णयहरुको हकमा सो राहत समेत उपलब्ध हुनेछ ।

ऊ) कर्तव्य पालनको सिलसिलामा हत्या गरिएका राष्ट्रसेवक (निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, शिक्षक आदि) का परिवारलाई उपलब्ध गराइने राहत सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिव रहेको समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

ख) उल्लेखित मापदण्डमा उल्लेख भएका अन्य विषयहरु अर्थ मन्त्रालय र गृह मन्त्रालयसंग समन्वय गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले परिमार्जन गर्ने र पुनः निर्णयका लागि यसै समिति समक्ष पेश गर्ने ।